# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जामुनबारी झापा, प्रदेश नं. १, नेपाल

# शिलबन्दी दरभाउपत्र फाराम

**कनकाई नगरपालिका अन्तर्गत आ.व. २०७९/८० को आन्तरिक आय**

## नगरपालिका क्षेत्रको विज्ञापन कर संकलन

सम्झौता संकेत नं.: KANAKAI/IR/2079/80-01

**जारी मिति: २०७९/०८/१२**

**चौथो पटक प्रकाशित**

कनकाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जामुनबारी झापा, प्रदेश नं. १, नेपाल

फोन: ०२३-४०११५५, इमेल: kanakai.mun@gmail.com

## आन्तरिक आयको शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना तथा जानकारी

सूचना प्रकाशित मिति: २०७९/०८/१२

१. कनकाई नगरपालिका अन्तर्गत आ.व. २०७९/८० को आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५ तथा नगर कार्यपालिकाको मिति २०७९/०७/२७ गतेको निर्णयानुसार शिलबन्दि दरभाउपत्रको माध्यमबाट योग्य फर्म/कम्पनी छनौट गर्नुपर्ने भएको हुनाले तपसिल कार्यको लागि इच्छुक सम्पूर्ण कम्पनी/फर्मको जानकारीको लागि यो सूचना प्रकशित गरिएको छ। शिलबन्दी दरभाउपत्र सम्बन्धी मूख्य विवरण तपशिल बमोजिम हुनेछ:

| क्र.स. | सम्झौता संकेत नं.: | कार्य तथा अन्तरिक आय संकलन क्षेत्र | आ.व. २०७९/८० को लागि न्यूनतम रकम मु.अ.क सहित (रु.) | बोलपत्र पेश गर्ने अन्तिम मिति तथा समय | शिलवन्दी दरभाउपत्र फाराम शुल्क | दरभाउपत्रको मान्य हुने अवधि | दरभाउपत्र जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) | दरभाउपत्र जमानतको मान्य हुने न्यूनतम अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | KANAK AI/IR/2079/80-01 | नगरपालिका क्षेत्रको विज्ञापन कर | ५,००,०००।- | २०७९ मंसिर २७ गते, मध्यान्ह १२:०० बजे | रु. १,००० | ४५ दिन | कबोल रकमको न्यूनतम ५ प्रतिशत | ७५ दिन | चौथो पटक प्रकाशित |
| २ | KANAK AI/IR/2079/80-.10 | रमणीय पार्क क.न.पा - ८, सञ्चालन | १,५०,०००।- | २०७९ मंसिर २७ गते, मध्यान्ह १२:०० बजे | रु. १,००० | ४५ दिन | कबोल रकमको न्यूनतम ५ प्रतिशत | ७५ दिन | पहिलो पटक प्रकाशित |

तपशिलः

२. शिलवन्दी दरभाउपत्र पेश गर्न इच्छुक दरभाउपत्रदाताले थप जानकारी लिन यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

३. शिलवन्दी दरभाउपत्र फाराम खरिद गर्न मंसिर २६ गते कार्यालय समय भित्र यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड सुरुङ्गामा रहेको आन्तरिक राजस्व खाता नम्बर १४७०३०००००१००१००००००१ मा वा यस कार्यालयको राजश्व शाखामा फारम शुल्क जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ ।

४. तोकिएको मिति र समय भित्र प्राप्त भएका दरभाउपत्र पेश गर्ने अन्तिम मिति २:०० बजे, उपस्थित हुन चाहने दरभाउपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा यस नगरपालिकाको कार्यालयमा खोलिनेछ तर दरभाउपत्रदाताका प्रतिनिधिको उपस्थिति नभए पनि प्राप्त भएका शिलवन्दी दरभाउपत्रहरु खोल्न कुनै बाधा पर्ने छैन।

५. शिलबन्दी दरभाउपत्रको मान्य हुने अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुनेछ।

६. दरभाउपत्रसाथ माथिको तालिकामा उल्लेख भए बमोजिम बोलपत्र जमानत पेश गर्नु पर्नेछ र उक्त दरभाउपत्र जमानतको मान्य हुने अवधी दरभाउपत्रको मान्य हुने अवधि भन्दा कम्तिमा ३० दिन बढी अवधि सम्मको हुनुपर्नेछ।

७. दरभाउपत्रदाताले दरभाउपत्र जमानत बापत नगदै राख्न चाहेमा यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं.: १४७०३००००००३००००००००१ मा जम्मा गरी सक्कलै भौचर संलग्न गर्नुपर्नेछ।

८. एक दरभाउपत्रदाताले एक्लै वा संयुक्त उपक्रमको रुपमा एउटा मात्र शिलवन्दि दरभाउपत्र पेश गर्न पाउनेछ । कुनै दरभाउपत्रदाताले एक भन्दा बढी दरभाउपत्र पेश गरेको अवस्थामा त्यस्तो दरभाउपत्रहरु मान्य हुनेछैन।



CamScanner

नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाको सहयोगमा संचालित आयोजनाको हकमा त्यस्तो दातृ संस्थाबाट कुनै दरभाउपत्रदातालाई कालोसूचीमा राखी दरभाउपत्र पेश गर्न अयोग्य ठहर भएको भए त्यस्ता दरभाउपत्रदातालाई नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाबाट कालोसूचीमा राख्न घोषित अवधिसम्म शिलबन्दि दरभाउपत्र पेश गर्न प्राह्य हुनेछैन।

१०. दरभाउपत्र तयारी तथा यस प्रक्रियामा सहभागी हुनुपूर्व कार्यस्थलको सम्पूर्ण जानकारी प्राप्त गर्न दरभाउपत्रदाताले आफ्नै खर्च, जिम्मेवारी र जोखिममा स्थलगत निरीक्षण गर्न सक्नेछ।

११. दरभाउपत्रसँग सम्बन्धित सम्पूर्ण कागजातहरु नेपाली वा अंग्रेजी भाषामा हुनेछन।

१२. **दरभाउपत्र सम्बन्धी कागजातमा रहेका कुनै विषयमा स्पष्ट हुन चाहने इच्छुक दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्नुपर्ने अन्तिम मिति भन्दा पाँच दिन अगावै नगरपालिकामा सम्पर्क गरि प्रष्टीकरण प्राप्त गर्न सक्नेछन**

१३. दरभाउपत्रदाताले पेश गर्ने दरभाउपत्रमा निम्न कागजातहरु संलग्न गर्नुपर्नेछः

क. **दरभाउपत्र दाखिला पत्र (Letter of Bid) सहितको दरभाउपत्र कागजात (Bid Document)**

ख. **कानूनी ग्राह्यता सम्बन्धी कागजातहरु:**

- **सम्बन्धित क्षेत्रमा कार्य गर्ने गरि स्थापना भएको संस्था (फर्म/कम्पनी) दर्ता प्रमाणपत्र (प्रतिलिपि पेश गर्नुपर्ने, उद्धेश्य खुल्ने कागजातको प्रतिलिपि समेत)**
- **उल्लेखित कार्य गर्न सम्बन्धित निकायबाट जारी इजाजत पत्र (प्रतिलिपि पेश गर्नुपर्ने)**
- **स्थायी लेखा (PAN) तथा मू.अ.कर (VAT) दर्ता प्रमाणपत्र (प्रतिलिपि पेश गर्नु पर्ने)**
- **आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्र (प्रतिलिपि पेश गर्नु पर्ने)**

ग. **दरभाउपत्र जमानत (नगद जम्मा वा बैंक जमानत)**

घ. **अख्तियारी पत्र (दरभाउपत्रमा संचालक बाहेकको हस्ताक्षर भएमा)**

ङ. **अंकित मूल्य सूची**

१४. दरभाउपत्र टाइप गरिएको वा नमेटिने मसीले लेखिएको र अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ। कुनै थपघट, फेरबदल, केरमेट गरिएको वा सच्याइएको स्थानमा सोहि व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ।

१५. पेश भएका दरभाउपत्रको पूर्णता ग्राह्यता तथा कबोल रकमको मूल्यांकन गरि सबै भन्दा बढी रकम कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही बोलपत्र छनोट गरिनेछ ।

१६. दरभाउपत्रदाताले दरभाउपत्र फारममा आफुले कवोल गरेको रकम अंक र अक्षर प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । कबोल रकमको अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई आधार मानी कूल कबोल रकम गणना गरिनेछ।

१७. सम्झौता गर्नु अघि कुनै पनि समयमा कारण खुलाई वा नखुलाई कुनैपनि दरभाउपत्र स्वीकार वा अस्वीकार गर्ने वा दरभाउपत्रको प्रक्रिया रद्ध गर्ने वा सम्पूर्ण दरभाउपत्र अस्वीकार गर्ने अधिकार नगरपालिका निहित रहनेछ। यसरि रद्ध वा अस्वीकार गर्दा दरभाउपत्रदता प्रति नगरपालिकाको कुनै दायित्व रहनेछैन।

१८. नगरपालिकाले दरभाउपत्र स्वीकृतिको जानकारी "स्वीकृतिपत्र" मार्फत छनौट भएको दरभाउपत्रदातालाई र अन्य सबै सहभागी दरभाउपत्रदाताहरुलाई पत्र वा इमेल वा सार्वजनिक सूचना मार्फत गराउनेछ । उक्त सूचना जारी भएको मितिले ७ (सात) दिन भित्र कबोल रकमको कम्तिमा १० प्रतिशत रकम (बैंक जमानत वा नगरपालिकाको धरौटी खातामा नगद जम्मा) पेश गरी

...ता गर्नुपर्नेछ। उक्त जमानतको मान्य हुने अवधी सम्झौता अवधी भन्दा कम्तिमा ३० दिन बढी ...मको हुनुपर्नेछ। नगद जम्मा भएको जमानत रकम अन्तिम किस्ता रकममा मिलन गरिनेछ।

... सम्झौता पूर्व कबोल रकम नगरपालिकामा एकमुष्ट बुझाएमा कवोल रकमको १० प्रतिशत छुट दिइनेछ र यस्तो अवस्थामा कार्यसम्पादन जमानत आवश्यक पर्नेछैन। सम्झौता भए पश्चात कार्यादेश वा चलानपूर्जि जारी भए पश्चात सम्झौता प्रारम्भ भएको मानिनेछ ।

२०. प्रस्तावित कार्यको निमित्त छनौट भएको बोलपत्रदाता बोलपत्र प्रक्रियाको प्रतिस्पर्धामा सहभागी हुँदा कुनै किसिमको भ्रष्टाचार वा जालसाजीजन्य कार्यमा संलग्न भएको ठहरिएमा नगरपालिकाले त्यस्तो दरभाउपत्रदातासँग खरिद सम्झौता गर्न अस्विकार गर्नेछ।

२१. अन्य व्यावस्था प्रचलित कानून बमोजिम हुनेछ।

हरिप्रसाद मिश्र
नि० प्रमुख प्रशासकीय अधिकृत

## सम्झौताका शर्तहरु

छनौट भएको व्यावसायीले नगरपालिकाले तोकेको दरमा कर/शुल्क संकलन गर्नुपर्नेछ ।

२. सम्झौता कार्यान्वयन लागि आवश्यक पर्ने सबै प्रकारका जनशक्ति तथा श्रोत साधनको व्यावस्था छनौट भएको व्यावसायीले गर्नुपर्नेछ।

३. कबोल गरी कायम हुने रकम किस्तामा रकम बुझाउन चाहने दरभाउपत्रदाताले समान त्रैमासिक किस्तामा नगरपालिकाले उपलब्ध गराएको बैंक खातामा जम्मा गरी भुक्तानी गर्नुपर्नेछ।

४. भाडा रकम बुझाउन/ भुक्तानी गर्न ढिलाई गरेमा क बर्गको बाणिज्य बैंकको मुद्दती निक्षेपको ब्याजदर अनुसार थप शुल्क भुक्तानी गर्नुपर्नेछ। यस्तो ढिलाई ६० दिन भन्दा बढी भएमा सम्झौता अन्त्य गरि जमानत रकम कट्टा गरि असुल गरिनेछ।

५. दरभाउपत्रदाताले प्रचालिल कानून बमोजिमको आचरण पालना गर्नुपर्नेछ।

६. उल्लेखित कार्यको लागि हुने सम्झौताको अवधि एक बर्षको हुनेछ।

७. व्यावसायीको कार्य सन्तोषजनक भएमा सम्झौताको अवधि थप गर्न सकिनेछ। सम्झौताको अवधि थप गर्दा सुरु सम्झौता मितिले तीन बर्ष भन्दा बढी हुनेछैन। कबोल रकमको बार्षिक वृद्धिदर नेपाल राष्ट्र बैंकले तोकेको मूल्य वृद्धि सूचकांक बमोजिम हुनेछ।

८. सम्झौताका शर्तहरु सम्झौताका कुनै पक्षले पालना नगरेमा कम्तिमा ३५ दिनको अग्रिम जानकारी दिएर अर्को पक्षले सम्झाता अन्त्य गर्न सक्नेछ।

९. सम्झौता अन्य शर्तहरु कानून बमोजिम हुनेछ ।

हरिप्रसाद मि...
नि० प्रमुख प्रशासकीय ...

## मूल्य सूची तालिका

| क्र.सं. | विवरण | कबोल रकम (बार्षिक नेपाली रुपैयाँ) | |
|---|---|---|---|
| | | मु.अ.क. सहित अंकमा | मु.अ.क. सहित अक्षरमा |
| १ | नगरपालिका क्षेत्रको विज्ञापन कर संकलन | बार्षिक रु. | बार्षिक रु. |

दरभाउपत्र दाता (संस्था) को नाम:

ठेगाना:

अख्तियारी प्राप्त व्यक्तिको नाम:

अख्तियारी प्राप्त व्यक्तिको हस्ताक्षर:

सम्पर्क नं.:

इमेल ठेगाना:

संस्थाको छाप



CamScanner

# दरभाउपत्र दाखिला पत्र (Letter of Bid)

(दरभाउपत्रदाताले आफ्नो लेटर हेडमा आफ्नो पुरा नाम र ठेगाना अनिवार्यरुपमा उल्लेख गरी यो दरभाउपत्र फाराम भर्नु पर्नेछ।)

श्री कनकाई नगरपालिका,
जामुनबारी, झापा, प्रदेश नं., नेपाल।

मिति:....................................
दरभाउपत्रको नाम: ................................
सम्झौता संकेत नं.: ..........................

हामी तपशिलमा दस्तखत गर्ने घोषणा गर्दछौं कि:

a. दरभाउपत्र सम्बन्धी फाराम हामीले सम्पूर्ण रुपमा अध्ययन एवं परिक्षण गरेका छौं। यस दरभाउपत्र सम्बन्धी फाराममा उल्लेखित शर्त हामीलाई मन्जुर छ र यस फाराम प्रति हाम्रो कुनै पनि आग्रह वा पूर्वाग्रह रहेको छैन।
b. दरभाउपत्र सम्बन्धी फाराममा उल्लेखित कार्य गर्न हामी प्रस्ताव गर्दछौं।
c. हाम्रो कूल कबोल रकम रु.------------------- (अक्षरमा:-------------------------------) हो ।
d. दरभाउपत्रको मान्य हुने अवधि दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख भए बमोजिम हामीलाई बाध्यकारी हुनेछ। उल्लेखित मान्य हुने अवधि समाप्त हुने अवधि समाप्त हुनु अघिसम्म कुनै पनि समयमा दरभाउपत्र स्वीकार गर्नेछौं।
e. हाम्रो दरभाउपत्र स्वीकृत भएको अवस्थामा दरभाउपत्र फारममा उल्लेख भएको शर्त बमोजिमको कार्यसम्पादन जमानत पेश गरि सम्झौता गर्ने प्रतिबद्दता व्यक्त गर्दछौं।
f. औपचारिक सम्झौताको तयारी तथा कार्यन्वयन नभएसम्म यो दरभाउपत्र लगायत त्यस कार्यालयबाट दरभाउपत्र स्वीकृत भएको सूचना हामी बीचको बन्धनकारी सम्झौता सरह हुनेछन भन्ने व्यवहोरा हामीलाई राम्रोसंग जानकारी छ।
g. **हामी यो बोलपत्र प्रकृयामा भाग लिन अयोग्य नभएको, प्रस्तावित कार्यमा हाम्रो स्वार्थ नबाझीएको र सम्बन्धित पेशा वा व्यावसाय सम्बन्धी कसूरमा हामीले सजाय नपाएको भनि लिखित रुपमा घोषणा गर्दछौं।**
h. त्यस कार्यालय हाम्रो लगायत पेश हुन आएका कुनै दरभाउपत्र स्वीकार गर्न बाध्य हुनेछैन भन्ने व्यहोरा हामीलाई राम्रोसंग जानकारी छ।

नाम:...............................

पद:...............................

हस्ताक्षर/दस्तखत:...............................

दरभाउपत्रमा हस्ताक्षर गर्न अधिकार प्राप्त व्यक्ति..............................

मिति:.....................

हरिप्रसाद मिश्र
प्रमुख प्रशासकीय अधिकृत